# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बागमती प्रदेश
# हेटौडा, मकवानपुर, नेपाल

---

## बैठक - ४८

मितिः २०७७/०९/०७ गते बिहान ११:०० बजे

निर्णयहरुः

१. आ.व.२०७६/७७ मा आर्थिक मामिला तथा योजना मन्त्रालयले गरेको (पूरक तथा रकमन्तार) कार्यक्रम संशोधन सम्बन्धमा मन्त्रालयगतरुपमा स्वीकृत एक कार्यक्रमबाट अर्को स्वीकृत कार्यक्रममा रकमान्तर गरेको वा नयाँ कार्यक्रममा बजेट रकमान्तर गरेको हो सोको एकिन गरी मन्त्रालयसँग छलफल गरी आवश्यक निर्णय लिने।

२. आ.व.२०७६/७७ को असार मसान्तसम्म प्रदेशलाई प्राप्त राजस्वका सम्बन्धमा प्र.ले.नि.काबाट प्राप्त विवरणको अध्ययन तथा छलफल आर्थिक मामिला तथा योजना मन्त्रालयसँग समितिको आगामी बैठकमा छलफल गर्ने।

३. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि विकास निर्देशनालयबाट सञ्चालित योजना तथा कार्यक्रमको कतिपय फर्म, कम्पनी, संस्था वा व्यक्तिले कार्यक्रम सञ्चालन नै नगरी अनुदान रकम लिएको भन्ने समाचार सुनिन आएकोले सोको सम्बन्धमा मन्त्रालयसँग छलफल गर्ने एवम् त्यस्ता योजना तथा कार्यक्रमहरुको समितिले पहिचान गरी आवश्यकता अनुसार स्थलगत अनुगमन गर्ने।

४. प्रदेश सरकारको आ.व.२०७७/७८ को पहिलो चौमासिक प्रगति विवरण सबै मन्त्रालयसँग माग गर्ने।

५. प्रदेश सरकारले कोरोना रोकथाम तथा नियन्त्रणको लागि गरेको सम्पूर्ण खर्चको यथार्थ विवरणसहित आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग भएको छलफलबाट सो

मन्त्रालयले प्रदेश विपद व्यवस्थापन ऐन, २०७५ को दफा ३ को समितिको निर्णय तथा सिफारिस बमोजिमको खर्चको विवरण पेश गरेकोले प्रदेश सरकारको सो कोषबाट सम्पूर्ण शीर्षकगत खर्चको विवरण यस समितिलाई उपलब्ध गराउन सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने।

६. सार्वजनिक लेखा समिति अन्तर्गत गठित प्रदेश मन्त्रालय र मातहतका निकायले गरेका काम कारबाहीको अध्ययन, अनुगमन तथा मूल्याङ्कन उपसमिति, प्रतिवेदन तथा निर्देशन कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन उपसमिति र खरिद अध्ययन तथा अनुगमन उपसमितिहरुको म्याद मिति २०७७ साल पुस मसान्तसम्म थप गर्ने।